**अतिरिक्त शैक्षिक क्रियाकलाप तथा स्थायी अध्यापन अनुमति पत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०८०**

**प्रस्तावना:**

यस पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक उन्नतिको लागि पुथा उत्तरगङ्गा गाउँपालिका भित्र अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पुथा उत्तरगङ्गा गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**(१) सङ्क्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम " **अतिरिक्त शैक्षिक क्रियाकलाप तथा स्थायी अध्यापन अनुमति पत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०८०"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**(२) परिभाषा:**

(क) 'स्थानीय तह भित्रको प्रशिक्षक' भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकामा बसोबास गर्ने वा कार्यरत शिक्षक/ कर्मचारीलाई जनाउनेछ।

(ख) 'आमन्त्रित प्रशिक्षक' भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिमा बसोबास नगर्ने वा अन्य स्थानीय तहमा कार्यरत शिक्षक/ कर्मचारीलाई जनाउनेछ।

## परिच्छेद-२

## अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समिति

**(३) अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समिति गठन:** गाउँपालिका भित्र सञ्चालन गरिने अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन, नियमन, नियन्त्रण र व्यवस्थापन गर्नकालागि देहायका सदस्यहरु रहेको एक अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | - अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| गाउँपालिका सामाजिक विकास समिति संयोजक | - सदस्य |
| शिक्षा शाखा प्रमुख | - सदस्य |
| माध्यमिक तहका स्थायी शिक्षकहरु मध्ये १ जना महिला सहित २ जना | - सदस्य |
| शिक्षा शाखा प्रमुख | - सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य-सचिव |

**सञ्चालन समिति**

| | |
|---|---|
| गाउँपालिका सामाजिक विकास समिति संयोजक | - अध्यक्ष |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| स्नातकोत्तर तह उत्तीर्ण माध्यमिक तहका २ जना स्थायी शिक्षक | - सदस्य |
| शिक्षा शाखा प्रमुख | - सदस्य-सचिव |

**(४) अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आधारभूत तहको स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षा सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) एस.ई.ई. परीक्षा दिएका छात्रछात्राहरुका लागि तयारी कक्षा सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ग) एस.ई.ई. परीक्षा दिएका छात्रछात्राहरुका लागि कम्प्यूटर तालिम सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(घ) विद्यालयहरुमा बाल क्लब, स्काउट, जुरेस/युरेस जस्ता संस्थाका इकाइहरु खोल्न प्रोत्साहन गर्ने,

(ङ) वर्षमा एक पटक पालिका स्तरीय आधारभूत तह र माध्यमिक तहका विद्यालयकहरु बीच विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापहरु (हाजिरी जवाफ, निबन्ध, वक्तृत्वकला, हिज्जे, साहित्यिक विधाका प्रतियोगिता, चित्रकला, हस्तकला, बाद्यबादन तथा संगित, नृत्य आदि) मा स्वच्छ प्रतिस्पर्धा गराउने।

(च) पालिका अध्यक्ष कप, वडा अध्यक्ष कप, र राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा विद्यार्थीहरुलाई सहभागी बनाउन विद्यालयलाई प्रोत्साहन गर्ने।

## परिच्छेद-३

## आधारभूत तहको स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षा सम्बन्धि व्यवस्था

(५) आधारभूत तहको स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) शिक्षक सेवा आयोगले लिने आधारभूत तहको स्थायी अध्यापन अनुमति पत्रको परीक्षामा सहभागी हुन योग्यता पुगेका पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका व्यक्तिहरुको लागि स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षा सञ्चालन गर्न सकिनेछ।

(ख) उपनियम (क) बमोजिमको कक्षा सञ्चालन गर्न अतिरिक्त शैक्षिक क्रियाकलाप व्यवस्थापन समितिले आवश्यक कुराहरुको प्रबन्ध गर्नेछ।

(ग) स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षा लिने विज्ञ/ प्रशिक्षकहरुको पारिश्रमिक देहाय बमोजिम हुनेछ।

(अ) स्थानीय तह भित्रको प्रशिक्षकले प्रति पिरियड कर सहीत रु. १५००/- पारिश्रमिक पाउनेछ।

(आ) अर्को स्थानीय तहबाट आमन्त्रित प्रशिक्षकले प्रति पिरियड कर सहीत रु. २०००/- पारिश्रमिक पाउनेछ।

(इ) अर्को स्थानीय तहबाट आमन्त्रित प्रशिक्षकको लागि यातायात खर्चको व्यवस्था गरिनेछ।

(ई) उपनियम (ग) को (अ) र (आ) बमोजिमका प्रशिक्षकहरुलाई खाना र आवास व्यवस्था गरिनेछ।

(उ) सम्बन्धित निकायबाट अनुगमन गर्ने अनुगमनकर्तालाई अनुगमनबापत प्रति व्यक्ति प्रति दिन कर सहीत रु. १००० भत्ता उपलब्ध गराइनेछ।

(घ) प्रशिक्षार्थीहरुले खाना, चिया, नास्ता, आवास र यातायात जस्ता कुराहरुको व्यवस्था आफै गर्नु पर्नेछ।

(ङ) तयारी कक्षा सञ्चालन बापत प्रशिक्षार्थीहरुबाट कुनै पनि शुल्क लिइने छैन्।

(च) स्थायी अध्यापन अनुमति पत्रको तयारी कक्षाको एक पिरियड कम्तिमा १ घण्टाको हुनेछ।

(छ) एक दिनमा बढीमा चार पिरियड सम्म तयारी कक्षा सञ्चालन गर्न सकिनेछ।

(ज) कक्षा सञ्चालन भएको हरेक दिन कम्तिमा २५ वटा नमुना बहुबैकल्पिक प्रश्नहरु निर्माण गरी मूल्याङ्कन गरिनेछ।

(झ) गाउँपालिकाको शिक्षक अनुदान कोटामा करार शिक्षक पदपूर्ति गर्न स्थायी अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिहरु प्रयाप्त हुने नदेखिएमा गाउँपालिकाले अस्थायी अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन गरी अस्थायी अध्यापन अनुमति पत्र प्रदान गर्न सक्नेछ।

(ञ) यो कार्यविधि जारी हुँदा कार्यरत अध्यापन अनुमति पत्र प्राप्त नगरेको शिक्षकको लागि गाउँपालिकाले एकपटक अस्थायी अध्यापन अनुमति पत्रको जाँच दिई अस्थायी अध्यापन अनुमति पत्र प्रदान गर्न सक्नेछ।

(ट) उपनियम (ञ) बमोजिम हुने परीक्षाको पाठ्यक्र शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।

(ठ) उपनियम (झ) र (ञ) बमोजिमको अस्थायी अध्यापन अनुमति पत्रको म्याद अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको मिति देखि प्रारम्भ भई शिक्षक सेवा आयोगले लिने पहिलो स्थायी अध्यापन अनुमति पत्रको नतिजा प्रकाशन भएको दिन सम्म मात्र मान्य हुनेछ।

(ड) उपनियम (ठ) बमोजिम स्थायी अध्यापन अनुमति प्राप्त गर्न नसेकेका करार शिक्षकहरुको करार सम्झौता स्वत भङ्ग हुनेछ।

(ढ) यो कार्यविधि जारी भएपछि स्थायी/अस्थायी अध्यापन अनुमति पत्र प्राप्त नगरेको व्यक्ति कुनै पनि प्रकारका शिक्षक कोटा वा दरबन्दीमा हुने विज्ञापनमा उम्मेदवार हुन पाउने छैन्।

## परिच्छेद-४

## स्थानीय स्काउट सङ्गठन

(६) **स्थानीय स्काउट सङ्गठन सम्बन्धि व्यवस्था:** नेपाल स्काउट नियमावली, २०७७ को परिच्छेद ६ बमोजिम स्थानीय स्काउटको स्थापना गरिनेछ।